श्री सर्वोच्च अदालतबाट
प्रतिलिपि
२०८०।०८।०५

सर्वोच्च अदालत
रजिष्ट्रार श्री निर्मला पौडेलबाट
भएको आदेश

मोरङ्ग जिल्ला बेलबारी न.पा. वडा नं. १० घर भई काठमाण्डौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १० बस्ने अधिवक्ता विष्णुकुमार गिरी------------------------------------------------------------निवेदक

विरुद्ध

श्री प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरबार समेत------------------------------प्रत्यर्थी

मुद्दाः उत्प्रेषण परमादेश।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू स्वास्थ परीक्षणका लागि मिति २०८०/०१/०६ गते नयाँ दिल्ली स्थित अल ईन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) प्रस्थान गरि मिति २०८०/०१/१७ गते फर्कनु भएको थियो। सो अवधिमा लागेको खर्च राष्ट्रपतिको स्वकीय सचिवालयको प्रेस नोट अनुसार सम्माननीय राष्ट्रपति ज्यू स्वयंले बेहोर्न चाहेको कुरा सार्वजनिक गरिएकोमा मन्त्रिपरिषद्को निर्णय अनुरुप परराष्ट्र मन्त्रालयले मिति २०८०/०३/१८ गते अर्थमन्त्रालयसँग उपचार खर्च बापत जम्मा रु. ५५,०२,२७९/- निकासा मागेको सार्वजनिक भएकाले मन्त्रिपरिषद्को उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरि सम्माननीय राष्ट्रपति ज्यू लाई आफ्नो खर्च आफैं बेहोर्न परमादेशको आदेश समेत जारी गरि पाउँ भनी प्रस्तुत रिट निवेदन लिई आएको देखियो।

यसमा *"राज्यका हरेक अंगले आ-आफ्नो काम कर्तव्य र अधिकारको प्रयोग कानूनमा व्यवस्था भए बमोजिम गर्ने गर्दछन्। यस्तो कामकारवाही संविधान र कानून बमोजिम भए वा नभएको बिषयवस्तुका सम्बन्धमा अदालतमा प्रश्न उठाउनका लागि पनि त्यस्तो विषय अदालतबाट न्याययोग्य हुनुपर्छ। अदालतबाट न्याययोग्य विषय हुनका लागि त्यस्को विषय **Judicially Manageable Standard** अन्तर्गत अदालतबाट व्यवस्थापनयोग्य समेत हुनुपर्दछ...."* भनि ने.का.प. २०६४ अंक ८ नि.नं. ७८७५ मा व्याख्या भएको सन्दर्भमा प्रस्तुत रिट निवेदनमा उठाईएको सम्माननीय राष्ट्रपति ज्यूको उपचार खर्चको प्रसङ्ग नितान्त नीतिगत र कार्यपालिकाको क्षेत्राधिकार (**Executive domain**) अन्तर्गतको विषय भएकाले कसलाई उपचार खर्च दिने नदिने भनी न्यायालयबाट निर्क्यौल हुने विषय नभएको साथै प्रस्तुत निवेदनमा निवेदकले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४०(२)(घ) र (च) तथा ऐ. को नियम ४१(क) बमोजिमको प्रकृया समेत पुरा गरि आएको नदेखिँदा दर्ता गर्न मिलेन।

अतः मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२८ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १८ बमोजिम दरपीठ गरि दिइएको छ। कानून बमोजिम गर्नु।

रजिष्ट्रार
२०८०/४/५

ईति सम्बत् २०८० साल साउन महिना ०५ गते रोज ०६ शुभम्..............................